सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु

***मिति २०७७/१/११ गते***




आज स्वास्थ्य निर्देशनालयका निर्देशकज्यूले गण्डकी प्रदेशका विभिन्न अस्पतालका प्रमुखहरुसंग भिडियो कन्फ्रेन्स बैठक गर्नुभयो। बैठकमा निर्देशकज्यूले अस्पतालहरुमा कोभिड - १९ विरामीको उपचार व्यवस्थापनको तयारीबारे जानकारी लिनुका साथै अस्पतालमा स्वास्थ्यकर्मी, जनशक्ति, स्रोत सामग्रीको मौज्दात आदिबारे जानकारी लिंदै आवश्यक निर्देशन दिनुभयो।



यसैगरी आजै आयोजना गरिएको स्वास्थ्य क्षेत्रगत बैठक (Health Cluster Meeting) मा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू सहभागी हुनुभयो। उहाँसंगै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आउनुभएका डा. तारानाथ पोख्रेल सहितको समूह समेत उक्त बैठकमा सहभागी हुनुभएको थियो। बैठकले ७ वटै प्रदेशको Health Cluster लाई सक्रिय पार्ने तथा हरेक हप्ता स्वास्थ्य क्षेत्रगत बैठकलाई निरन्तरता दिने निर्णय गर्यो। बैठकमा सबै प्रदेशबाट कोभिड - १९ सम्बन्धित प्रदेशले गरेको विभिन्न क्रियाकलापहरुकोबारेमा जानकारी दिनुका साथै चुनौतिहरुको बारेमा छलफल भएको थियो।

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रलाई Critical Care Training आयोजना गर्नको लागि सहभागी हुने गण्डकी प्रदेशको सबै जिल्ला अस्पतालका चिकित्सक र नर्सको विवरण उपलब्ध गराइएको छ। तालिम आगामी हप्ता शुरु हुनेछ।

विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं। होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ।
क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछयानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने।
ख) आफु बस्ने कोठा आफै सफा गर्ने।
ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने।
घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने। हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने।
ड.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने। यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने। खोक्दा वा हाछ्यु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख ११ गते (४ बजे सम्म ) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइ नमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT Test | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 12 | 401 | 0 | 96 | 5 | 227 | 11 | - | 348 | 685 | 161 | 159 | 0 | 2 |
| स्यांग्जा | 22 | 388 | 10 | 323 | - | 50332 | 15 | - | 601 | 510 | 102 | 102 | 0 | 0 |
| तनहुँ | 31 | 181 | 1 | 550 | 6 | - | 42 | 1 | 802 | 563 | 16 | 16 | 0 | 0 |
| लमजु | 73 | 1000 | 41 | 24 | 4 | 858 | 5 | - | 188 | 204 | 53 | 53 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 629 | 9 | 9 | 0 | 0 |
| पर्वत | 11 | 375 | 21 | 185 | - | 326 | 20 | 0 | 316 | 365 | 73 | 73 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | - | 6 | 0 | 138 | 154 | 15 | 15 | 0 | 0 |
| बाग्लु | 32 | 251 | 6 | 811 | - | 17171 | 16 | 1 | 836 | 1118 | 67 | 65 | 2 | 0 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | - | 560 | 498 | 45 | 45 | - | - |
| मनाङ्ग | 7 | 61 | 12 | 0 | 5 | 46 | 7 | - | 3 | 21 | 3 | 3 | - | - |
| मुस्ता | 15 | 96 | 2 | - | 4 | - | 10 | - | 25 | 36 | - | - | - | - |
| जम्मा | 285 | 3967 | 189 | 2321 | 95 | 69443 | 204 | 2 | 4214 | 4783 | 544 | 540 | 2 | 2 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर १०९२